# नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# Nepal Engineering Council

( Estd.under NEC Act 2055)


पत्र संख्या : १०६१०८११८२ चं.नं. '७१

## वतावरण विज्ञहरुलाई सुचिकरण हुने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति २०८१।०४।२७)

वन तथा वातावरण मन्त्रालयको मिति २०८१/०४/०३ को पत्र बमोजिम वातावरण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय, सुझाव समितिमा रहने विज्ञ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ को व्यवस्था बमोजिम वातावरणको सम्बन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गर्नुपर्ने भएको भनि उल्लेख भएकोले सो सम्वन्धित विज्ञहरुलाई,

१) वैयक्तिक विवरण /(CV)

२) उच्चतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

३) कार्य अनुभव सम्बन्धि प्रमाणित प्रमाणपत्र,

४) वातावरणीय अध्ययन सम्बन्धी तालिम प्रदान गर्न सम्बन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपि

सहितको विवरण वन तथा वातावरण मन्त्रालय (वातावरण तथा जैविक विविधता महाशाखा) सिंहदरबार, काठमाण्डौंको सम्पर्क फोन नम्बर: ००९७७-०१-४२११६३८, इमेल info@mofe.gov.np मा पठाउनुहुन अनुरोध छ ।

रजिष्ट्रार


मिनभवन, काठमाडौं, नेपाल । फोन: ०१-४५२०६५५, ४५२०६५६

ई-मेल: necgov@ntc.net.np , info@nec.gov.np वेभसाइट: www.nec.gov.np


CamScanner

पत्रोतरमा पत्र संख्या मिति उल्लेखित हुन उपेक्षित छ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

(वातावरण तथा जैविक विविधता महाशाखा)

EX: पो.ब.न ३९८७
सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

वि.सं. २०८१/०४/०३
नेपाल सम्वत् ११४४ दिल्लाथ्व १२, बिहिवार

पत्र संख्या -
चलानी नं. 20
प्राप्त पत्र संख्या र मिति -

श्री त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालय, कीर्तिपुर, काठमाडौं।
श्री काठमाडौं विश्वविद्यालय, उपकुलपतिको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री पोखरा विश्वविद्यालय, उपकुलपतिको कार्यालय, पोखरा, कास्की।
श्री नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST), खुमलटार, ललितपुर।
श्री नेपाल इञ्जिनियरिङ्ग परिषद्, मिनभवन मार्ग, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, मानविकि तथा सामाजिकशास्त्र अध्ययन सङकाय, कीर्तिपुर, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, कानून सङकाय, प्रदर्शनी मार्ग, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ्ग अध्ययन संस्थान, पूल्चोक, ललितपुर।
श्री त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुर, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कीर्तिपुर, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, बल्खु, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, कीर्तिपुर, काठमाडौं।
श्री काठमाडौं विश्वविद्यालय, स्कुल अफ इञ्जिनियरिङ्ग, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री काठमाडौं विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्ट, बालकुमारी, ललितपुर।
श्री काठमाडौं विश्वविद्यालय, स्कुल अफ साइन्स, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री पोखरा विश्वविद्यालय, स्कुल अफ इञ्जिनियरिङ्ग, पोखरा, कास्की।
श्री पोखरा विश्वविद्यालय, स्कुल अफ हेल्थ एण्ड एलाईड साईन्सेज, पोखरा, कास्की।
श्री पोखरा विश्वविद्यालय, स्कुल अफ डेभलपमेन्ट एण्ड सोसल इञ्जिनियरिङ्ग, पोखरा, कास्की।
श्री पोखरा विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्ट, पोखरा, कास्की।

विषय:-विज्ञहरुलाई सुचिकरण हुने सम्वन्धी सूचना टाँस गरि जानकारी उपलव्ध गराईदिने सम्वन्धमा।

प्रस्तुत विषयमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा रहने विषय विज्ञ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ को व्यवस्था बमोजिम वातावरणको सम्वन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गर्नु पर्ने भएकोले तहाँ कार्यालय र मातहतका निकायमा कार्यरत विज्ञ कर्मचारीहरुलाई संलग्न सूचना जानकारीको पत्राचार गरि दिनुहुन अनुरोध छ। यस सम्वन्धि सूचना मिति २०८१/०४/०३ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको र वन तथा वातावरण मन्त्रालयको Website:- www.mofe.gov.np मा गई notice board को news and events मा समेत हेर्न सकिने व्यहोरा अनुरोध छ।

श्री म शाखा ...
जानकारीको लागि
सूचना प्रकाशित गर्नुहोला
४/२९

४/३/
अमर बहादुर ओली
समाजशास्त्री

फोन नं.-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.- ४२११८६८

CamScanner

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

**वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रुपमा र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ बमौजिम वातावरण सम्वन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिको रुपमा सूचिकृत हुने सम्वन्धी वन तथा वातावरण मन्त्रालयको सार्वजनिक सूचना।**

**प्रथम पटक प्रकाशित मिति वि.सं.२०८१/०४/.३**

**नेपाल सम्वत् ११४४ दिल्लाथ्व......**

**वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रुपमा सूचीकृत हुन वा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ वातावरणको सम्वन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिको रुपमा सुचिकृत हुन वा दुवै प्रयोजनको लागि वातावरण विज्ञहरुको लागि दरखास्त आह्वान सम्बन्धी सार्वजनिक सूचना।**

१. वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने राय सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न वा

२. वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ बमोजिम वातावरणको सम्वन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिको रुपमा सूचिकृत हुन इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र रितपुर्वक निम्न ठेगानामा देहायको विवरण सहित दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ। यो सूचना यस मन्त्रालयको सूचनापाटी र Website:-mofe.gov.np मा समेत राखिएको व्यहोरा अनुरोध छ।

**क. आवश्यक शैक्षिक योग्यता:-**

(क१) नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र विदेशी शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेकाको हकमा त्रि.वि.बाट समकक्षता लिएको हुनु पर्नेछ।

(क२) सिभिल इञ्जिनियरिङ्ग वा मेकानिकल इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा केमिकल इञ्जिनियरिङ्ग वा बायो-केमिकल इञ्जिनियरिङ्ग वा बायो-मेडिकल



CamScanner

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा हाईवे इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग वा आर्किटेक्ट इञ्जिनियरिङ्ग वा हाईड्रोपावर इञ्जिनियरिङ्ग वा कृषि इञ्जिनियरिङ्ग वा भू-गर्भ इञ्जिनियरिङ्ग वा माइनिङ्ग इञ्जिनियरिङ्ग वा केमिकल इञ्जिनियरिङ्ग वा औद्योगिक इञ्जिनियरिङ्ग वा रेल्वे इञ्जिनियरिङ्ग वा मेटालर्जिक इञ्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा भूगोल वा शहरी विकास योजना वा,

(क३) स्वास्थ्य वा जनस्वास्थ्य विज्ञान वा चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन वा माईक्रोबायलोजी वा फोहोरमैला व्यवस्थापन वा,

(क४) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा,

(क५) कृषि विज्ञान वा पशु विज्ञान वा,

(क६) समाजशास्त्र वा मानवशास्त्र वा अर्थशास्त्र वा पुरातत्वशास्त्र वा दीगो विकास वा योजना व्यवस्थापन वा वित्त व्यवस्थापन वा,

(क७) वातावरण कानून वा,

(क८) जीव विज्ञान वा वनस्पति विज्ञान वा,

(क९) वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग वा वातावरण सम्वन्धी अन्य विषय।

**ख. कार्य अनुभव:-**

**देहाय बमोजिमको कार्य अनुभव भएको:-**

१. नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरण अध्ययन प्रतिवेदन पूनरावलोकन वा स्वीकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा

२. माथि (क) मा उल्लेखित शैक्षिक योग्यता हासिल गरि वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा

३. माथि (क) को शैक्षिक योग्यतामा उल्लेखित विषयमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको वा कार्य अनुभव भएको वा

४. विगत तीन वर्ष देखि वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रुपमा रही काम गरेको।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

ग. दरखास्त साथ संलग्न गरिनुपर्ने आवश्यक कागजातहरु:-

(१) वैयक्तिक विवरण/ (CV),

(२) उच्चतम शैक्षिक योग्यता सम्वन्धी प्रमाणपत्रको प्रतिलिपि,

(३) कार्य अनुभव सम्वन्धि प्रमाणित प्रमाणपत्र,

(४) वातावरणीय अध्ययन सम्वन्धी तालिम प्रदान गर्न सम्वन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्वन्धी तालिम लिएको भए सो सम्वन्धी कागजातको प्रतिलिपि।

३. यस अघि **Roster** मा सूचिकृत भएकाविज्ञहरुले पनि यसै सूचना बमोजिम आफ्नो विवरण अद्यावधिक गर्न हुन अनुरोध छ।

४. सूचीकृत हुन चाहने विषयविज्ञले वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न वा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ बमोजिम वातावरणको सम्वन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिको रुपमा सुचिकृत हुन वा दुवै प्रयोजनको लागि भन्ने व्यहोरा निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ।

## दरखास्त बुझाउने ठेगाना:-

वन तथा वातावरण मन्त्रालय (वातावरण तथा जैविक विविधता महाशाखा), सिंहदरबार, काठमाडौं।

सम्पर्क फोन नम्वर:- ००९७७-०१-४२११६३८ इमेल:-info@mofe.gov.np

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं